वर्ष : २०, अंक : २५, काठमाडौं, २०८१ मंसिर १४ गते शुक्रबार, 29 November, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# मुख्यमन्त्री सिंहले नेतामाथिको भरोसा बढाएका छन् : गढीमाई मेला समिति

बारा । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले प्रदेशको बारामा लाग्ने विश्वप्रसिद्ध पञ्चवर्षी गढीमाई मेलाको तयारीबारे जानकारी लिएका छन् । मुख्यमन्त्री सिँहले गढीमाई मेलाका लागि भइरहेको तयारीबारे स्थलगत जानकारी लिएको यो तेस्रोपटक हो ।

महागढीमाई नगरपालिका वडा नम्बर १ स्थित गढीमाई मन्दिर क्षेत्रमा मेलाका लागि सुरक्षा प्रबन्धन, खानेपानी, शौचालय, प्रकाश र सरसाजवट आदि व्यवस्थापनको अवलोकनपछि आयोजित कार्यक्रममा मुख्यमन्त्री सिँहले संयोग र सौभाग्यले आफ्नो कार्यकालमा प्रदेशका दुई पालिकामा दुई महत्त्वपूर्ण मेला लाग्ने अवसर जुरेकाले मेला व्यवस्थापन प्रभावकारी बनाउन प्रदेश सरकार व्यवस्थापकीय कार्यमा प्रत्यक्ष र तीव्रताका साथ साझेदारी गरिरहेको बताए ।



उनले पाँच वर्षको अन्तरालमा महागढीमाई नगरपालिकामा लाग्ने गढीमाई मेला र जनकपुरधाममा पाँच वर्षमा थप भव्यतापूर्वक हुने रामजानकी विवहोत्सवमा सहभागी हुने श्रद्धालुभक्तजनहरूलाई अप्ठ्यारो महसुस हुन नदिन प्रदेश सरकारले खानेपानी, शौचालय, प्रकाश आदिको पर्याप्त व्यवस्था गरेको र मेला भर्नेहरूका लागि दाउरा व्यवस्थापन गर्ने कार्य गर्ने जानकारी दिए ।

उनले मेलालाई व्यवस्थित र भव्य बनाउन महागढीमाई नगरपालिकाका मेयर तथा मेला व्यवस्थापन मूल समितिका अध्यक्ष उपेन्द्र यादवको कार्यको सराहना समेत गरे ।

'दाउरा संकलन गर्न रकम चाहिन्छ तथा उपलब्ध गराउन सेवाग्राहीले राजस्व तिर्नुपर्ने हुन्छ । तर, गढीमाई र रामजानकी विवाहोत्सवमा सहभागी हुनेहरूका लागि मन्त्रिपरिषद्बाटै निर्णयर गराएर वन मन्त्रालयलाई प्रदेश सरकारले नै रकम तिरेर दाउरा उपलब्ध गराउने प्रयास गर्नेछु' मुख्यमन्त्री सिँहले भने ।

उनले मेला व्यवस्थापनका लागि स्थानीयले पहिचान गरेका आवश्यकताका आधारमा प्रदेश सरकारले पचास लाख रुपैयाँ खर्च गरिरहेको उल्लेख गरे ।

महागढीमाई नगरपालिकाका मेयर तथा मेला व्यवस्थापन मूल समितिका अध्यक्ष उपेन्द्र यादवले गढीमाई मेला खास धर्म, समुदाय र पार्टीको नभएर मदेश तथा देशकै पहिचान भएको भन्दै मेला व्यवस्थापनमा मुख्यमन्त्री सिँहले देखाएको तदारुकता र सदाशयताको सम्मान गर्नुपर्ने बताए ।

उनले भने, 'मुख्यमन्त्री सिँहजस्ताले गर्दा नेतामाथिको भरोसा कायम भएको छ ।' नेपाली काँग्रेसबाट निर्वाचित मेयर यादवले सरकारमा काँग्रेस रहेको भए पनि पार्टीका नेता र मन्त्रीले मेलाका सन्दर्भमा क्रियाशीलता नदेखाएको भन्दै पार्टीभन्दा माथि उठेर मुख्यमन्त्री सिँहले देखाएको तत्परतालाई आफूहरूले आदर र सम्मान गरिरहेको प्रस्ट्याए ।

उनले मेलाका लागि सुदृढ सुरक्षा व्यवस्थापनसँगै अन्य कार्य ९० प्रतिशतभन्दा बढी भइसकेको जानकारी समेत दिए । गढीमाई मेला आगामी मङ्सिर १७ गतेबाट सुरु हुँदैछ ।

मेलामा नेपाल र भारतसँगै विभिन्न मुलुकबाट लाखौँको सँख्यामा श्रद्धालुभक्तजनहरू आउने गर्छन् । मेलामा मुसा, परेवा, बोको, राँगो र खरायो गरी पाँच जन्तुलाई पञ्चबलि चढाएपछि सर्वसाधारणले भाकलअनुसार बलि चढाउने गर्छन् ।

## जसपाको संगठन निर्माण अभियान उपलब्धीपूर्ण

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालले जनतासँग जसपा नेपाल आधारभूत संगठन निर्माण अभियानमा सदस्यता वितरण, संगठन निर्माण सँगसँगै पार्टीको सैद्धान्तिक एवं वैचारिक अवधारणालाई महत्वका साथ पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक एवं जनतामाझ प्रस्तुत कार्यलाई अगाडि बढाउने निर्णय गरेको छ । पार्टीका अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा बसेको केन्द्रीय सचिवालयको बैठकले सो निर्णय गरेको हो ।

बैठकले पार्टीको चारमहिने संगठन निर्माण अभियानअन्तर्गत संगठन निर्माण अभियानको समीक्षा गर्दै अभियानको सुरुवात उपलब्धीपूर्ण हुँदै गएको र अभियानलाई अझ बढी गतिशील र उपलब्धीपूर्ण बनाउन सम्पूर्ण अभियन्ताहरुले कार्यक्षेत्रमा रहेर क्रियाशिल भई लाग्नुपर्ने निष्कर्ष निकालेको पार्टीका प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिएका छन् ।

पार्टीका महासचिव लालबाबु राउले बैठकको निर्णय कार्यान्वयनका लागि पार्टीको मातहत समितिलाई आइतबार परिपत्र जारी गरेका छन् ।

साथै स्थानीय तहको उपनिर्वाचनमा जसपा नेपालले उम्मेदवारी दिएका क्षेत्रमा पार्टीलाई जिताउन सम्बन्धित क्षेत्रका नेता कार्यकर्ताहरुलाई सक्रियताका साथ परिचालित हुन आग्रह गरिएको प्रमुख बस्नेतले बताएका छन् ।

## 'मधेशमा सरकार परिवर्तनको हल्ला फिजाइयो'



काठमाडौं । जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष एवम् मधेश प्रदेशसभा सदस्य ई.बसन्त कुशवाहाले मधेश प्रदेश सरकार परिवर्तनको हल्ला फिजाइएको बताएका छन् । उनले उपनिर्वाचनलाई प्रभावित गर्ने गरि केही अनलाइन न्यूज पोर्टल र समूहले मधेश प्रदेश सरकार परिवर्तनको हल्ला फिजाउने काम गर्दै आएको आरोप लगाएका हुन् ।

उनले भनेका छन्, 'सरकार, कर्मचारी र मधेशी जनतालाई भ्रमित गर्न खोज्दै छन् ।' मुख्यमन्त्री सतिश सिंह नेतृत्वको मधेश सरकार सहमति बमोजिम पुरा अवधि काम गर्ने दाबी पूर्वमन्त्रीसमेत रहेका ई.कुशवाहाले यसमा ढुक्क रहन अनुरोध गरेका छन् ।

## 'घुमौं मधेश, बुझौं मधेश' को संयोजकमा ठाकुर नियुक्त



काठमाडौं । मधेश प्रदेश सरकारको कार्यक्रम 'घुमौ मधेश, बुझौ मधेश' को संयोजकमा विकासकुमार ठाकुर नियुक्त भएका छन् । नेपाल फाउन्डेसनको संस्थापक भएर पर्यटन प्रवर्द्धनमा योगदान गर्दै आएका सर्लाही निवासी ठाकुरलाई मधेश प्रदेश सरकारले मधेशको पर्यटन प्रवर्द्धनको अभियान सञ्चालनको संयोजन गर्ने जिम्मेवारी दिएको हो । मुख्यमन्त्री सतिशकुमार सिंह र उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सकिल मियाँले ठाकुरलाई नियुक्त पत्र प्रदान गरेका छन् ।

मुख्यमन्त्रीका प्रेस सल्लाहकार अनिल कुमार कर्णकाअनुसार मधेश प्रदेश सरकारले पर्यटन विकासलाई उच्च प्राथमिकतामा राखेको छ । यसैअन्तर्गत महत्वाकांक्षी सरकारी कार्यक्रम 'घुमौँ मधेश, बुझौँ मधेश' घोषणा गरी संयोजकमा ठाकुरलाई नियुक्त गरिएको कर्णले बताए ।

मधेश तन्नेरी आँट, सङ्कल्प र क्रियाशीलताको पर्खाइँमा छ । हामीलाई विश्वास छ, ठाकुरजीले लगनशील भएर सार्थक परिणामको रूपरेखा कोर्नेछन्,झ उनले भने । संयोजक ठाकुरले मधेश प्रदेशलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा चिनाउन र यहाँका पर्यटकीय स्थलको प्रवर्द्धन गर्न सक्रिय रूपमा लाग्ने बताए । अहिले हाम्रो सम्मुखमै जनकपुरमा विवाह पञ्चमी छ । बारामा गढीमाई मेला छ । यी पर्वलाई अझै व्यवस्थित र व्यापक प्रचारप्रसार गर्ने काम हुन्छ । समग्र मधेश प्रदेशलाई कसरी पर्यटनमा अगाडि लान सकिन्छ भनेर काम गर्छौं, उनले भने ।

## जसपा नेपालले आइटी सेल गठन गर्ने

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालले आइटी सेल गठन गर्ने भएको छ । सामाजिक सञ्जालको प्रयोग र परिचालनलाई पार्टी हितका निम्ति प्रभावकारी ढंगले थप व्यवस्थित गर्न तथा सूचना, सञ्चार एवं प्रचारप्रसारको संयन्त्रलाई अझ बलियो बनाउन सामाजिक सञ्जाललाई लक्षीत गरी पार्टीको केन्द्रीय आइटी सेल निर्माण गर्न लागिएको हो ।

यसका लागि पार्टीले जिल्ला क्षेत्रको संगठनमा आवद्ध भई सामाजिक सञ्जालमा सक्रिय भएर काम गरिरहेका कम्तिमा १० देखि १५ जना व्यक्तिको नामसूचि एक साताभित्र केन्द्रीय कार्यालयमा पठाउन भनेको छ ।

व्यक्ति छनौट गर्दा संगठनभित्र सामाजिक सञ्जालको प्रयोगमा सक्रिय भएको, आइटीको प्राविधिक पक्षबारे दख्खल एवं जानकार भएको व्यक्ति हुनुपर्ने छ । साथै क्यामेरा, फोनमार्फत फोटो, भिडियो खिच्न र सम्पादन गर्न सक्ने तथा सञ्चारको आवश्यक सामग्रीबारे बोल्न र लेख्न सक्ने क्षमता भएकोलाई प्राथमिकतामा राख्नुपर्ने छ ।

त्यसैगरी संगठनको विश्वसनियता र गोपनियताको विशेष ध्यान राख्न सक्ने युवा, विद्यार्थी, महिला, प्रेस मञ्च, सञ्चार र प्रचार विभागलाई प्राथमिकता दिने व्यक्ति आइटी सेलको लागि उपयुक्त हुने भनिएको छ । पार्टीमा लामो समयदेखि सक्रिय भएर काम गर्दै आएको र पार्टी संगठनको हित विपरित काम गरी कारबाहीमा नपरेको व्यक्ति हुनुपर्ने छ ।

## 'नेपाल-भारतबीचको सम्बन्ध सांस्कृतिक र भावनात्मक जगमा आधारित'

काठमाडौं । राष्ट्रिय एकता अभियानको केन्द्रीय कार्यालयद्वारा काठमाडौंमा आयोजित हिन्दू संस्कृति र नेपाल-भारत सम्बन्ध विषयक विशेष कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ ।

प्रमुख वक्ता भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा पूर्व विदेश विभाग प्रमुख विजय जॉलीले दुई देशबीचको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई थप सुदृढ गर्न सबै तहमा सहकार्य आवश्यक रहेको बताएका हुन् ।

उनले नेपाललाई हिन्दू सभ्यताको महत्वपूर्ण केन्द्रका रूपमा सम्बोधन गर्दै दुई देशबीचको सम्बन्ध केवल राजनीतिक नभई सांस्कृतिक र भावनात्मक जगमा आधारित रहेको चर्चा गरे ।

कार्यक्रमको अध्यक्षता राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले गरेका थिए । संविधानसभा




सदस्य भूपेन्द्र चौधरी राष्ट्रिय एकता अभियानमा प्रवेश गरेको कार्यक्रममा विशेष आकर्षण बनेको थियो ।

चौधरीलाई विजय जॉली र अभियानका अध्यक्ष विनय यादवले खादा ओढाएर अभियानमा स्वागत गरे । चौधरीले अभियानमा आवद्ध भएपछि हिन्दू सभ्यताको सशक्तीकरण र राष्ट्रिय एकताका लागि अझ सक्रिय भएर काम गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा नेपाली जनता दलका अध्यक्ष हरिचरण साह, पूर्व राजपा उपाध्यक्ष सत्यनारायण मण्डल, राष्ट्रिय मुक्ति पार्टीका नेता सिएन थारू, समाजसेवी विजय राउत लगायतले आ-आफ्नो मन्तव्य राखे ।

यस्तै, अभियानका केन्द्रीय सदस्य चन्द्र यदुवंशी, युवा विभाग प्रमुख दिवस पटेल, महिला विभाग प्रमुख रीता साह, बागमती प्रदेश इञ्चार्ज शिसिर रञ्जितकार, उपत्यका इञ्चार्ज महेश्वरमान वैद्य, र काठमाडौं जिल्ला संयोजक राजकुमार लामीछाने लगायतको उपस्थिति रहेको थियो।

अभियानका अध्यक्ष विनय यादवले नेपाललाई संघीय हिन्दू गणराज्यको रूपमा घोषणा गर्ने उद्देश्यसहित अभियानले निरन्तर गतिविधि गर्दै आएको बताए । उनले भारतसँगको सांस्कृतिक सहकार्यले अभियानलाई थप ऊर्जा दिने विश्वास व्यक्त गरे ।

विजय जॉलीले भाजपाले नेपालसँगको सांस्कृतिक सम्बन्धलाई प्रगाढ बनाउँदै हिन्दू सभ्यताको संरक्षणका लागि निरन्तर सहकार्य गर्ने आश्वासन दिए । कार्यक्रमले नेपाल-भारत सम्बन्धलाई थप सुदृढ बनाउन साझा प्रयासको महत्त्वलाई पुनः पुष्टि गरेको छ ।

## सम्पादकीय



# चुरे विनासले निमित्याउँदै संकट

नेपालभित्र चुरे क्षेत्रले पूर्वको इलामदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म ३३ जिल्लाका केहि न केहि भूभागलाई ओगटेको छ । भूगर्भविको अध्ययन अनुसार करिब चार करोड वर्षअघि हिमालय उत्पत्तिका क्रममा ग्रेगर र थेगर थुप्रिएर चुरे क्षेत्र निर्माण भएको हो । उत्तरबाट हिउँ पग्लेर बग्दै आउने नदी महाभारत क्षेत्र हुदै अन्तिममा चुरे बाट तराईतिर बग्छन् । त्यसैले पनि यो कमलो ढुङ्गामाटोले बनेको क्षेत्र पर्यावरणीय दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ । चुरेको फेदीमा नदीले बगाएर ल्याएका ढुंगा, गिट्टी, बालुवा र कंकडले बनेको भावर क्षेत्रको समथर भूभाग छ । यसले दक्षिणी समथर तराईका लागि पानी सञ्चित गरी भूमिगत जल भण्डारणमा महत्वपूर्ण भूमिका खेल्छ । चुरे क्षेत्रले जम्मा जंगलको ७३ प्रतिशत भूभाग पनि ओगटेको छ ।

चुरे क्षेत्र जैविक, वातावरणीय र आर्थिक हिसाबले अति नै महत्वपूर्ण छ । चुरेले तराईको कृषियोग्य भूमि संरक्षण र उत्पादन वृद्धिमा योगदान गरेको छ । बाढीका बेला पानीको सतह नियन्त्रणमा यसको भूमिका अतुलनीय छ । चुरे अमूल्य वन स्रोतको पनि आधार हो । यस क्षेत्रमा पाइने जडीबुटीहरू अथाह छन् । असंख्य वन्यजन्तु र चराचुरूंगीको बासस्थान पनि हो चुरे । यस क्षेत्रमा उल्लेख्य रूपमा मानव बसोबास पनि छ । धेरैजसो बाढीपहिरो र अन्य प्राकृतिक प्रकोपबाट पीडित हुनेहरू यहि क्षेत्रमा छन् ।

चुरे पहाड अन्तर्गतको भावर क्षेत्रबाट पानीको पुनर्भरण भई तराईको उर्वराभूमीका लागि सिँचाइ तथा खानेपानीको स्रोत चुरे क्षेत्र रहेको छ जहाँ देशकै झन्डै ५० प्रतिशत जनता उक्त पानीमा आश्रित रहेका र नेपालको ८० प्रतिशतभन्दा बढी खाद्यान्नको भण्डारलाई उक्त पानीले सिँचाइ सेवा उपलब्ध गराएको छ । चुरे क्षेत्रको संवेदनशीलतालाई मध्यनजर गर्दै नेपाल सरकारले चौथो पञ्चवर्षीय योजना (१९७०-१९७५) देखि नै यसको संरक्षणलाई महत्त्व दिँदै आएको थियो तापनि आर्थिक वर्ष २०६६/०६७ को नेपाल सरकारको नीति तथा कार्यक्रममा प्रथम राष्ट्रपति डा. रामवरण यादवले चुरेको विनाशमा चिन्ता व्यक्त गर्दै चुरे संरक्षणमा जोड दिएपछि चुरे संरक्षण कार्यमा कार्यक्रमले मुर्त रूप पाएको हो ।

आर्थिक वर्ष २०६७/०६८ देखि राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम' वन तथा भू-संरक्षण मन्त्रालय मार्फत सञ्चालन हुँदै आएक पनि आशातीत प्रगति हासिल गर्न सकेको छैन । चुरे विनाशबाट सिर्जित भएका वा हुनसक्ने सम्भावित नकारात्मक असरलाई समेत न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरिएको छ ।

तराई-मधेशलाई मरूभूमीकरण हुनबाट जोगाउन राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति गठन गरिए पनि सरकार फेरिएपिच्छे दलीय आस्थाका आधारमा पदाधिकारी परिवर्तन गर्ने चलन बसाइएको छ । विकास समितिमा वनमन्त्रीकै दलका कार्यकर्ता नियुक्त गरिंदैछ । चुरे संरक्षण प्राविधिक विषय भएकोले सम्बन्धित क्षेत्रका विज्ञहरू नआए जागीर खाने ठाउँ मात्र बनेको छ ।

देश संघीयतामा प्रवेश गरिसकेको छ । अबको व्यवस्थामा चुरे कार्यक्रमको कार्यान्वयनमा स्थानीय निकायको जिम्मेवारी बढी हुन्छ । चुरे कार्यक्रमको भावना र संवेदनशीलतालाई बुझेर कार्यक्रम कार्यान्वयन गराउन स्थानीय निकाय प्राविधिक रूपले बलियो हुन जरूरी छ । स्थानीय निकायले आफ्नो दक्षता सिद्ध गरी संरक्षणका क्रियाकलापहरू सञ्चालन गर्न सके मात्र चुरे संरक्षण कार्यक्रमले लिएको लक्ष्य पुरा हुने देखिन्छ ।

स्थानीय निकाय, राजनीतिक दल र सरोकारवाला निकायहरूबीच अन्तरक्रियाको साथै संरक्षणको लागि प्रतिबद्धता र ईमान्दारिता पनि उत्तिकै महत्वपूर्ण छ । संरक्षणको हरेक खुड्किलाहरूमा सुशासनको प्रत्याभूति पनि उत्तिकै जरूरी छ तब मात्र हामीले चुरे क्षेत्रको संरक्षण र चुरेबासीलाई जीविकोपार्जनको अवसरको सृजना गरी उनीहरूको भविष्यलाई सुनिश्चित गर्दै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्छौं ।

गतांकको बाँकी...

# राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

## (कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संस्लेषण)

८) त्यसैगरी राष्ट्रिय रुपमा नेपाल राज्य नै बन्ने(विस्तार) क्रममा विभिन्न राष्ट्र/जाति/समुदायसंग गरिएको एतिहासिक सन्धि सम्झौताहरु जस्तै लिम्बुवान संग, सुगौली सन्धि बखत मधेशीको बारेमा आदी ९) विगतमा नेपालका एतिहासिक प्रथम राष्ट्र आदिवासी जनजाती, मधेसी, थारु, खस, दलित, मुस्लिम,पिछडा वर्ग लगायत आन्दोलनसंग गरेका एतिहासिक सम्झौता र सहमतिहरु।

तसर्थ स्व-देशी जनताले नेपालमाथि स्वामित्व दाबी गर्नुपर्छ र यो मात्र एउटा बाटो हो २५० भन्दा बढी बर्षहरूदेखि समाज र राज्यबीचको दोषी रेखा ( फल्टलाईन) मेटाउने र यो गणतन्त्रको औपनिवेशिक चरित्रको अन्त्य गर्ने। राज्य वैधानिक हुने अर्को बाटो पनि छैन।

(ग) लोकतन्त्रको विस्तृतिकरण आवश्यक-लोकतन्त्र भनेको मतदानको अधिकार मात्र होइन। सार्वभौम सत्ताको अभ्यास पनि हो। हामी बहुदल हुनुलाई, दलीय स्वतन्त्रलाई नै लोकतन्त्र मानिरहेका छौं। दल बिना पनि लोकतन्त्र हुन्छ, अनि विविधता भएको मुलुकमा अनेक राष्ट्र पक्षधरको पनि दल हुन्छ, यहाँ यी दुबैको निषेध छ। लोकतन्त्र विस्तारको अर्थ जनसंख्याको ठूलो हिस्साको राजनीतिक सहभागिता र ठुलो हिस्साको अधिकारमा वृद्धिलाई जनाउँछ, त्यो हिस्सा जति ठुलो हुन्छ लोकतन्त्र पनि त्यति नै विस्तार भएको मान्नुपर्दछ। जसले थप समावेशी लोकतान्त्रिक प्रणालीको नेतृत्व गर्दछ। विविधतायुक्त विशिष्ट सामाजिक संरचनाका हरेक तप्कालाई उत्तिकै सम्मानित हैसियतमा समाहित गर्न सकियो भने लोकतन्त्रको विस्तार भएको मान्नु पर्छ। नेपालमा लोकतन्त्र स्थापना भएदेखि नै सामाजिक वा राजनीतिक संसंस्थापन (भ्कतबद। ष्कजक्रभलत) को पक्षधरताको रुपमा भएको छ। यसले लोकतन्त्रको सिमितिकरण गरेको हुनाले यसको विस्तारीकरण आवश्यक छ। लोकतन्त्र तीन दृष्टिबाट किनारीकृत हुन् सक्छ एउटा सामन्ति चरित्रको हुन् सक्छ, दोस्रो वर्गीय चरित्रको हुन् सक्छ र तेस्रो नश्लीय चरित्रको हुन् सक्छ। नेपालमा हुने गरेको के हो भने जुनसुकै आन्दोलन पश्चात पनि हरेक राज्य प्रणालीमा सिमित परिवारले सत्ता (राज्यका अंग, बजार) कब्जा गरी साधन श्रोतमाथि रजाई गरेर बस्ने विरुद्ध लड्नु र लोकतन्त्रलाई संसंस्थापन बाट बाहिर निकाल्नु आवश्यक छ।

हाल हामीले बुझेको लोकतन्त्रको अवधारणा यान्त्रिक हो। लोकतन्त्र वा नायकतन्त्र दुवै अलग अलग होइन। यी दुवै अवधारणा गलत छन्। लोक र नायक आपसमा संयुक्त छन्। लोक र नायकको सन्तुलित सम्बन्ध भएको राज्य चाहिन्छ। तसर्थ लोकतन्त्रको परम्परागत परिभाषाले पुग्दैन, नयाँ परिभाषा चाहिन्छ। राज्यको इकाई राष्ट्र भएको हुदाँ सोहीअनुसारको प्रतिनिधित्व प्रणाली चाहिन्छ। लोकतन्त्र भन्नासाथ प्रतिनिधि अर्थात सांसदहरूको बहुमत होइन। सार्वभौम शक्ति जो हो त्यसकै बहुमत हो। सार्वभौम जनता हो र जनताकै बीच रहेको 'हामी' तत्व द्वारा निर्मित राष्ट्रहरु सार्वभौम हुन। तर हाम्रो लोकतन्त्रमा जनताको बहुमत नभई सांसदको बहुमत भयो। संसद् सार्वभौम भयो। सबै सार्वभौम राष्ट्रहरुको प्रतिनिधित्व सहित पूर्ण समानुपातिक निर्वाचन प्रणाली अनुपातिक हुन्छ। मानिसहरूको समानताको अधिकार खण्डित हुनुहुँदैन। लोकतन्त्रले सबैलाई समान अवसर उपलब्ध गराउनुपर्छ। हाम्रो नयाँ लोकतन्त्रलाई नयाँ राजनीति र नयाँ अर्थशास्त्रसँग मिलाउन नयाँ संस्कृति हुनुपर्छ। यो संस्कृति भनेको जनता बीच रहेको सबै सामुदायिक वर्गको हुनुपर्छ तथा बहुल राष्ट्रको प्रतिनिधित्व गर्नुपर्छ। यो साम्राज्यवाद विरोधी र सामन्ती विरोधी हुनुपर्छ। यो वैज्ञानिक र वस्तुनिष्ठ हुनुपर्छ। यसैको निम्ति एतिहासिक रुपमा किनारीकृत रही आएकाहरुको निम्ति सामाजिक न्याय सहितको बहुलराष्ट्रिय लोकतन्त्र र सामुदायिक अर्थ प्रणालीको आवश्यकता परेको हो। नोबेल पुरस्कार प्राप्त बेलायतका पूर्वप्रधानमन्त्री विन्स्टन चर्चिलले भने जस्तै पूर्ण नभए पनि संसारमा अभ्यासमा आएका सबै प्रणालीभन्दा उत्कृष्ट लोकतान्त्रिक प्रणाली नै हो/। त्यसैले लोकतन्त्र चुनौती रहित पनि छैन तर यसको विकल्प पनि छैन/। सैद्धान्तिक रूपमा लोकतन्त्रको विकल्प नभएको निष्कर्ष निकाल्दैमा यथास्थितिमा विद्यमान संकट समाधान हुने सम्भावना पनि छैन/।

(घ) राज्यको इकाई वर्ग हो कि जाति/राष्ट्र हो ठम्याउनु आवश्यक-कम्युनिष्टले "सम्पूर्ण अन्तरविरोध वर्ग अन्तरविरोध हो" भनि वर्ग अन्तरविरोधलाई नै अन्तरविरोध मान्यो। तर हाल आएर यो असत्य प्रमाणित भयो। समाजमा प्रधान अन्तरबिरोध खोज्ने तरिका यान्त्रिक मार्क्सवादी तरिका हो। वास्तवमा राष्ट्र, वर्ग, व्यक्ति, राज्य र नेतृत्व एकअर्काका परिपुरक हुन्छन्। राष्ट्रिय अन्तरविरोधलाइ उनीहरु अन्तरविरोध नै मानेनन्। समाजलाई कुन आखामा हेर्ने सोहीअनुसार इकाई मान्न सक्छौं तर पनि समग्र समाजलाइ कुनै एउटा आयाममा हेर्न सकिदैन । समाजलाई राज्यको दृष्टिबाट हेर्दा, राज्य बन्ने इकाई वास्तवमा वर्गिय नभई राष्ट्रिय हुन्छ। किनभने समाजमा रहेको अन्य तत्वहरु जस्तै वर्ग, व्यक्ति, नेतृत्व सबै परिवर्तनशिल हुन्छ तर राष्ट्र परिवर्तन हुदैन(सापेक्षित हुदैन वा सहजै हुदैन)। उत्पादन प्रणालीको विकास र त्यसको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्वरुपअनुसार वर्गको बनोट बदलिन सक्छ। एउटै व्यक्तिले पनि आफ्नो जीवनकालमै पटकपटक आफ्नो वर्ग परिवर्तन गर्न सक्छ। किनकी वर्ग अस्थाई परिस्थिति हो, समाजमा सबै आफ्नो उन्नती र समृद्धि खोजेकै हुन्छ, राज्य अनुकुल हुने हो र समुदायको साथ् रहने हो भने पुँजी उत्पादन भएर बचत एवं खर्च कटौती गरेर पबित्रता पुर्वक कोही पनि वर्ग फडको मार्न सक्ने हुन्छ नै, यस हिसाबले यो एउटा गतिशील अवधारणा पनि हो। स्थाई त जाति/राष्ट्र हुन्छ। जब कुनै शिशु जन्मिन्छ, उसको जात आमा-बाबुको जातबाटै राखिन्छ। शिशुले पछि चाहेर पनि आफ्नो जात फेर्न सक्दैन। समाज वा राज्य निर्माणमा व्यबसंस्थापन गर्नुपर्ने प्रमुख विषय जाति/राष्ट्र नै हो। जाति अर्थात् राष्ट्र (नेशन) भनेको निश्चित भाषा, संस्कृति, भुमी थलो, आर्थिक प्रणाली र मनोविज्ञान भएको मानव समूह हो। त्यसकारण जाति वा राष्ट्र भनेको एउटा सभ्यता हो। जात (कास्ट) भनेको चाहिँ हिन्दु वर्ण व्यवस्था मुताबिकका तहगत पेसागत समूह हुन/। हिन्दु वर्ण व्यवस्था मुताबिक अन्तर्गतको जात(कास्ट) प्रणाली तहगत उच नीचमा आधारित छ, यसप्रकारको उच नीच प्रणाली न्याय संगत नरहेको हुदाँ यसलाई निरुत्साहित एवं निर्मुल पार्नु पर्दछ। त्यसैले जात वा राष्ट्र/जाती बारे सही बुझाई अत्यावश्यक छ/।

नेपाली समाजमा राज्य बने देखि जाती/राष्ट्र माथि उत्पीडन गरे, चाहे उक्त राष्ट्र/जाती गरिब होस् कि धनि। तामाङलाई 'मासिन्या मतवाली' तोकेर उत्पीडन नगरिएको भए तामाङ जातिको जीवनस्तर आजको तथ्यांकमा दलित समुदायभित्रको कामी जातभन्दा तल पुग्थ्यो त/? कदापि पुग्दैनथ्यो/। दुर्गानन्द झा ब्राह्मण थियो, तर मधेशको भएको कारण ऐन संशोधन गरेर भएपनि फासी दिइयो। कसैको स्पष्ट बुझिएन भने मान्छे उसको थर खोज्न लाग्छ। नाम मात्रै भनियो भने तपाईंको थर के हो भनेर मान्छे जिज्ञासु भएको देखिन्छ। यसको मतलव हो-उसले उसको कथित जात जान्न चाहन्छ। जात वा थर भनेपनि अनुहार बनोट आदि हेरेर मनमा शंका लागे तपाई त मधेशी जस्तो वा लिम्बु जस्तो वा मगर जस्तो देखिनु हुन्छ भनिहाल्छन। यसर्थ समाज वा राज्य वर्गीय हुन्छ भन्नु नै ठुलो भ्रम हो त्यसैले अबको राज्य व्यवस्था मार्क्सवादी कम्युनिष्टको एकाधिकारवादी सर्वहारा लोकतन्त्र र बुर्जुवा क्यपिटलिष्टको औपनिवेशिक उदार लोकतन्त्र नभई स्व-देशवादी ईण्डिजिनिष्टको बहुल राष्ट्रिय लोकतन्त्र र बहुल राष्ट्रिय राज्य हुनु अनिवार्य भएको छ। बहुल राष्ट्र निर्माण वा भावनात्मक एकीकरणको निम्ति सकारात्मक तरिका भनेको जसरी एउटा सुन्तलाभित्र फलहरु बेग्ला बेग्लै अस्तित्वमा रहे पनि माथिबाट बोक्राले ढाकिएको अवस्थामा एउटै देखिन्छ, त्यस्तै भावनात्मक एकीकरणको बाटो अवलम्वन गरिनु आवश्यक छ। हाम्रो भावनात्मक एकीकरण जति बलियो हुन्छ, बाहिरी हस्तक्षेप पनि त्यति नै कम हुन्छ। यसखाले रूपान्तरणले मात्र संपूर्ण जनताहरू माझ सह-अस्तित्व, सम्मान तथा सहकार्य स्थापित हुन गई शान्ति तथा सम्वृद्धि प्राप्त हुन्छ। हुन् त वर्तमान युगमा आएका बिज्ञानमा परिवर्तन, दिगिय-कालिक परिवर्तनले वर्गीय होइन, व्यक्ति पनि होइन बरु राष्ट्रिय पहिचान मुख्य हो भनेपछि अहिले सम्म राजनीतिमा वर्गिय नमुनाको आधारमा पकड राखेर आफ्नो स्वार्थ सिद्ध गर्दै आएका पुँजीवादी र कम्युनिष्ट नामधारी सिमित सम्भ्रान्त समुहहरुको निमित्त अब चुनौती खडा भएको छ। वर्तमान नेपालको अधिक राज्यविहिन राष्ट्रहरूले सिमित राज्यधारी राष्ट्रको औपनिवेशिकताविरूद्ध घनिभुत संघर्ष गरिरहेको अवस्था छ। राज्यधारी राष्ट्र पनि पश्चिमा ज्ञान प्रणालीबाट दिक्षित भएको दृष्टिबाट सम्पूर्ण मुलुक नै औपनिवेशिकताको शिकार भएको छ। सम्पूर्ण जनता नै औपनिवेशिकता विरुद्धको लडाईमा एक साथ उभिनुपर्ने अवस्था छ।

(ङ) सामाजिक रुपान्तरण एजेन्डा र क्रान्तिको शैली परिवर्तन आवश्यक - पुरानै शैलीमा र एजेन्डामा अब क्रान्ति सम्भव छैन। मधेश मुक्तिका निम्ति भनेर पुन: मधेश आन्दोलनप्रति जनताको रुची छैन किनभने विगतमा भएको मधेश आन्दोलन बिशाल र एतिहासिक थियो, अब त्यस आन्दोलनभन्दा ठुलो आन्दोलन हुनेमा शंका छ। लिम्बुवान आन्दोलन प्रतिको सोचाइ पनि त्यस्तै छ। हो लोकतन्त्रदेखि राष्ट्र/जातीय मुक्तिका सवालहरु ज्यु का त्यूँ छन् तर पुरानै एजेन्डा राखेर पुरानै शैलीमा आन्दोलनप्रति जनताको रुची छैन। विश्वास पनि छैन। त्यसैले राष्ट्रिय मुक्ति क्रान्ति नेपाल ले मुलत: राष्ट्रिय मुक्ति भित्रको स्व-देशी राष्ट्रियताहरूको मुक्तिको सवालमात्र नभई सम्पूर्ण खाले उत्पीडनको विरूद्ध संघर्ष गर्दै सिंगो रूपमा जनताको "सामाजिक-साँस्कृतिक", "राजनितिक" तथा "आर्थिक" मुक्तिलाई समेटिने छ। साथै, यसले सिंगो रूपमा मुलुकको स्वाधिनता, अखण्डता रक्षा गर्ने सवाललाई पनि उत्तिकै महत्वका साथ स्थापित गर्दछ। जनताहरूको मुक्तिमा केन्द्रित हुँदै स्व-देशवादको राज्य सिद्धान्त तथा बहुलराष्ट्रबाद, संघवाद, सामुदायिक समाजबादको शासनकला विज्ञानको आधारमा नेपाली राज्यविहिन राष्ट्रहरुको स्व-देशी राजनिति, अर्थतन्त्र, धर्म-सँस्कृति, र आत्मारक्षा सीप तथा शक्तिलाई मजबुत बनाई नेपाललाई एक बहुल राष्ट्रिय संघीय राज्य, गणतन्त्रात्मक, सामुदायिक समाजबादी नेपालमा रूपान्तरण गर्ने लक्ष्य लिएको छ। जनताको "सामाजिक-साँस्कृतिक" वा "राजनितिक" वा "आर्थिक" मुक्तिलाई मात्रै विषय बनाएर पनि सम्पूर्ण मुक्ति सम्भव छैन। सम्पूर्ण खाले उत्पीडनको विरूद्ध संघर्ष गर्दै सिंगो रूपमा एतिहासिक रूपले उत्पीडनमा पारिएको महिला, दलित, मुसलमान, पिछडा वर्ग तथा अन्य उत्पीडित वर्ग र क्षेत्र वा समग्र उत्पीडित जनताहरूको मुक्तिमा केन्द्रित हुँदै अबको हाम्रो कार्यदिशा एवं कार्य योजनाको प्रमुख चुनौति यी विविध खाले आन्दोलनहरू जो छरपष्ट तथा विसृंखलित छन त्यसलाई राष्ट्रिय रूपमा समन्वय गर्नुमा रहेको छ। क्रान्तिको शैलीमा पनि जनताको विद्रोहलाई राखिएको छ त्यसमा पनि विकल्प सहितको विद्रोह। विकल्पहरु पनि बाहिरबाट निर्माण गरिने होइन, विकल्पहरु पहिल्यैदेखि समुदायमा विद्मान छ। त्यसैले अबको क्रान्तिको एजेन्डा र शैली दुवै फरक हुनुपर्छ, जुन राष्ट्रिय मुक्ति क्रान्ति नेपाल ले विकास गरेको छ।

३.उपरोक्त समस्या हल गर्ने दर्शन

सबै समस्याको हल गर्ने मुख्य हाम्रो तीन सिद्धान्त , तीन स्रोत र तीन नियम

यी माथिका आधारभुत प्रश्नहरुको सही उत्तर नखोजी फेरी पनि नेपालको राष्ट्रीय मुक्ति आन्दोलनलाई नयाँ उचाई र उर्जा थप्न सकिन्दैन्। व्यवहारवाद, भावना केन्द्रीत, स्वस्फुर्तता, अनुसाशनहिनता, परनिर्भता र सुधारवादको भाष्यवाट आन्दोलनलाई मुक्त गर्दै विचार, सिद्धान्त, योजना, अनुशासन र विधिले सुसज्जित क्रान्तिकारी धारमा विकास गर्न सक्नु पर्दछ। यसले मात्र संघर्ष र क्रान्तिलाई नयाँ उचाई र धारमा परिणत गर्न सक्दछ। हिजोकै आन्दोलनको मोडलवाट २१ औ शताव्दिको युगलाई नेतृत्व गर्न असम्भव छ। त्यसो भए राष्ट्रिय मुक्ति क्रान्ति नेपालको दर्शन र विचार के हुने ? क्रान्तिको स्वरुप, रणनीति र कार्यदिशा के हुने ? क्रान्ति सम्पन्न गर्न कस्तो पार्टी निर्माण गर्ने ? आदि जस्ता क्रान्ति र आन्दोलनका आधारभुत तत्वहरुको बारेमा पर्याप्त बहस छलफल आवश्यक थियो, अहिले पनि छ। त्यसैले प्रथमत: हामीले हाम्रो ध्यान त्यता केन्द्रित गर्नु आवश्यक थियो नै। मुख्य रुपमा क्रान्तिका नेतृत्वहरु राजेन्द्र महतो र बुद्ध छिरिंग मोक्तान वैचारिक समस्या हल गर्न भरमग्दुर वैचारिक तयारी गर्नु भएको छ र राष्ट्रिय मुक्ति क्रान्ति नेपालको कार्यदिशा बमोजिम निम्नानुसारको निर्देशित सिद्धान्त तय गरिएको छ।

३.१ तीन सिद्धान्त

१) स्वदेशवाद

पूर्वीय सभ्यतामा आधारित स्व-देशवाद जीवन-जगतलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने नविन राजनीतिक दर्शन प्रणाली हो। यो विश्व स्व-देशी जनताको स्व-देशी ज्ञानको स्रोतबाट विकास भएको एक सार्वभौम सिद्धान्त हो जुन स्व-देशी जनता मात्र होइन सम्पूर्ण जीवन-जगतको हितको निमित्त अपरीहार्य भएको छ। ज्ञानको स्रोतको रुपमा यसले स्व-देशी जनतालाई मान्दछ भने ज्ञानको प्रयोगमा स्वदेशी-गैरस्वदेशी बीचको द्धन्द्वात्मक अवस्थाबाट माथि उठेर सिंगो जीवन-जगतको दु:ख मुक्तिलाई केन्द्रमा राख्दछ। प्रकृतिसँग संघर्ष होइन, सहकार्यको नीति अपनाउनु स्वदेशावादको नीति हो।

उदारवादको एक व्यक्ती र मार्क्सवादको व्यक्तीहरु सम्मिलित आर्थिक वर्गभन्दा भिन्न, अलग्गै यहाँ "स्व-देश" आवधारणा प्रधान हुन्छ।'स्व'ले कुनै एक व्यक्तीको आत्मागत पक्षमात्र बुझाउँदैन बरु सबै सजीव निर्जिव, दृष्य, अदृष्यहरुको अस्तित्वलाई बुझाउँदछ, जुन उदारवादको एक व्यक्ती र मार्क्सवादको वर्ग जस्तो सापेक्षित हुँदैन, शाश्वत हुन्छ। यसर्थ देशले क्षेत्र वा ठाउँ अर्थात व्यवहारिक अनुभव र प्रयोगको गाउँ, देहात भन्ने बुझाउँदछ।

समतामुलक वा समतावादी र सामुदायिकतामा विश्वास गर्ने, समुह प्रधानतामा विश्वास गर्ने, सामुहिक आत्मनिर्णयको अधिकार स्वदेशवादले प्रदान गर्दछ। औपनिबेशिक्ता, सबै खाले प्रभुत्व, अधिनायकत्वबाट मुक्ति, मूलवासी/आदिवासीहरूको आत्मनिर्णय, स्वशासन, स्वायत्तता, भाषा, भुमी, संस्कृति, इतिहास एवं परम्परागत न्यायिक संस्था तथा राजनीतिक र आर्थिक प्रणालीको कानुनि-संवैधानिक मान्यता सहित प्राकृतिक स्रोतसाधन माथिको समेत अधिकार स्वदेशी दर्शनबाट मात्रै सम्भव छ।

२) बहुल राष्ट्रवाद

संसारको कुनै पनी बस्तु वा पदार्थ एकल छैन, संघ वा एकतामा अडिएको छ। जातीय/राष्ट्रिय समानता, विविधता र सहअस्तित्व (सबै साना ठुला जाति/साँस्कृतिक समुहरु राष्ट्र हुन र तिनीहरु समान हुन्छन्) । प्रत्येक समुदाय तथा जातिको जातीय, भाषिक, सांस्कृतिलाई राष्ट्रिय पहिचानको मान्यता दिने । प्रत्येक जाति/ संस्कृति (जुन राष्ट्र हो) लाई आत्मनिर्णयको अधिकार र स्वायत्तताको ग्यारेन्टी गर्ने, राजत्व प्राप्त गर्ने अधिकारको ग्यारेन्टी गर्ने। राष्ट्रभित्र राष्ट्रको अवधारणलाई पनि मान्यता दिने । प्रत्येक जाति/राष्ट्रलाई राज्यको हरेक निकायमा जातीय/राष्ट्रिय समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गर्ने। बहुल सांस्कृतिवाद र साँस्कृतिक सापेक्षतावादको मान्यता (प्रत्येक जाति/राष्ट्रको आ-आफ्नो मौलिक साँस्कृतिक वातावरणमा मात्र समानुपात्तिक विकास हुन्छ भन्ने मान्यता राख्ने)। सबै धर्म र भाषाप्रति समान व्यवहारको नीति। बहुल राष्ट्रिय लोकतन्त्र (राष्ट्रलाई नै राज्यको आधारभुत इकाई मानि तिनीहरुको पहिचानको आधारमा राज्यको सबै निकायमा सहभागीताको ग्यारेन्टी)। प्रत्येक राष्ट्/जाति, समुदायहरुको परम्परागत सामाजिक, आर्थिक, राजनीतिक र न्यायिक संस्थाहरुलाई संवैधानिक मान्यता बहुल राष्ट्रिय लोकतन्त्र दिएको हुन्छ।

संयुक्त राष्ट्रसंघका पूर्व महासचिव बुत्रोस बुत्रोस घालीको भनाई यस अर्थमा सान्दर्भिक देखिन्छ कि आधुनिक राज्यको लागि सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वतन्त्रताले जुन मुल्य बोकेको मानिन्छ कुनै जाति (राष्ट्र)को लागि आत्मनिर्णयको अधिकार उतिकै मुल्यवान हुन्छ। कसैले पनि एकअर्काको विरुद्ध यी सब प्रयोग गर्न उचित ठहर्दैन। तर संघीय लोकतान्त्रिक गणतन्त्र अपनाएर पनि नेपाल राज्यले मात्र देशको सार्वभौमिकता, भौगोलिक अखण्डता तथा स्वतन्त्रता मुल्यवान ठानेको र राष्ट्रहरुलाई तुच्छ ठानेको र उपनिवेश लादेको कारणहरुले गर्दा गणतान्त्रिक नेपाल राज्यको औपनिवेशिक चरित्र अन्त्य नभएको निष्कर्ष सहित राष्ट्रिय मुक्ति आन्दोलन जारी छ। यो प्रणालीले साँस्कृतिक विषमरूपलाई स्थापित गर्दछ र सम्पुर्ण सामाजिक क्षेत्रहरू तथा समुहहरूको राजनीतिक सहभागिता सुनिश्चित गराउँछ। बहुल राष्ट्रियवादको सिद्धान्तद्वारा निर्देशित संघीयता (नेपालको एतिहासिक जातीय पहिचानको आधारमा स्वायत्त गण राज्यहरु, स्वायत्त क्षेत्रहरु र स्थानीय इलाकाहरुको गठन) आवश्यक हुन्छ। प्रत्येक राष्ट्रको पहिचान, अखण्डता, सर्वभौमता र आत्मनिर्णयको अधिकार ग्यारेन्टी बहुल राष्ट्रवादमा हुन्छ।

३) सामुदायिक समाजवाद

क्रमश:...

राष्ट्रिय साप्ताहिक मधेशवाणी ३

# वैचारिक परिवर्तनका लागि हाम्रो विद्रोह हो

**नेपालको अन्तरिम संविधान नै लगभग राजनीतिक सम्झौता भएको संविधान थियो । सबै संविधानको मर्म र भावना लगभग समेटेर बनाइएको संविधान थियो । तर, नेपालको अन्तरिम संविधानको जुन गाइडलाइन थियो - यो संविधान सभाबाट बन्ने संविधानको लागि थियो । तर, संविधान सभाबाट कांग्रेस, एमाले र माओवादीले संविधान बनाए । ९० प्रतिशत जनमत यी तीन पार्टीले पाएका थिए । संविधान सबैको साझा दस्तावेज हुने भनेका थिए । सोहीअनुसार संविधान बन्छ भनी ती दलले जनतासँग भोट पनि मागेका थिए ।**



## राजेन्द्र महतो

**अध्यक्ष, राष्ट्रिय मुक्ति पार्टी नेपाल**

**० राष्ट्रिय मुक्ति पार्टी नेपाल गठनसँगै तपाईंको पछिल्लो राजनीति अब अभियानमा मात्रै सीमित रहेन, तपाई एकल राष्ट्रिय राज्य समृद्धिको बाधक भएकाले अब बहुल राष्ट्रिय राज्य चाहियो भन्दै हुनुहुन्छ, बाधा चाहिँ कहाँनेर भयो ?**

– राष्ट्रिय मुक्ति क्रान्तिको लागि गठन गरिएको हाम्रो पार्टीले तीन चरणमा यो काम गर्नेछ। अभियानको सुरुको चरणमा ज्ञान र सङ्घर्ष गर्छौं । विद्रोहको चरणमा यो पार्टीले आफ्नो लक्ष्य पूरा गर्छ। ज्ञान, सङ्घर्ष र विद्रोह - यो तीनवटै प्रक्रिया चलिरहन्छ ।

एकल राष्ट्रिय राज्यकै कारण देशमा अधिकार र पहिचानदेखि समृद्धिसम्म हासिल हुन नसकेकाले बहुलवादी राज्यको एजेन्डा चाहिएको हो । मैले यो कुनै नयाँ कुरा गरेको होइन । अहिलेको नेपाल निर्माण भएको २७० वर्षको इतिहासमा विभिन्न कालखण्डमा हामीले विभिन्न व्यवस्थाहरू पनि हामीले ल्यायौं । अहिलेको त लोकतान्त्रिक अवस्था हो, गणतान्त्रिक अवस्था हो । ३५ वर्षदेखि हामी लोकतन्त्ररगणतन्त्रमा बाँचिरहेका छौं । यो बीचमा सातवटा संविधान पनि बनायौं । यति गर्दा पनि देशमा जनताले अधिकार पाएनन्, पहिचान पाएनन् भनेर सवाल उठिरहेकै छ । त्यसको लागि सङ्घर्ष भइरहेकै छ । देश समृद्धितर्फ जानुपर्ने, विपन्नतातिर गयो । देशमा नौजवानहरू टिक्न सकेनन् । यसको कारण त केही होला नि ! देशको अवस्था किन यस्तो भयो त ? नागरिकले अधिकार पहिचान नपाउने, सुशासन समृद्धि नहुने, देश कङ्गाल भएर जानुको मुख्य कारक तत्व राजनीति हो ।

ठीक हिसाबले राजनीति अघि बढेन भने त्यसको परिणाम कहिल्यै राम्रो आउँदैन । यो देशमा पनि त्यही भएको हो । देश निर्माण भएको २७० वर्ष भयो । १०४ वर्षको राणा शासनलाई त के गाली गर्ने होला ! राजतन्त्रलाई के गाली गर्नु ! ३५ वर्षदेखि हामी बहुदलीय प्रजातन्त्र मान्नेहरू, लोकतन्त्र र गणतन्त्र मान्नेहरूले नै शासन गरेका हौं नि ! यसमा पनि समृद्धि नपाउने तथा जनता दिनदिनै निराश र आक्रोशित हुँदै जाने अवस्था बन्यो । अब यो आक्रोश र निराशा चिर्नैपर्छ ।

**० यो अवस्था निम्तनुमा तपाईंहरूको पनि हिस्सेदारी होला नि !**

– ३५ वर्षमा हामीले राजनीति गर्‍यौं, त्यसको जिम्मेवार हामी पनि हौं । यहाँनेर व्यक्तिलाई होइन, विचारलाई इङ्गित गर्नुपर्छ । विचारबाटै राजनीति र शासन हुने हो । विचारमा नै त्रुटि छ, यो बुझ्नुपर्छ ।

**० तपाईंले प्रणालीलाई दोष दिनुभएको कि संविधानलाई ?**

– संविधानलाई पनि दोष दिन्छु । विचारबाट संविधान बन्ने हो ।

**० अन्तरिम संविधान बनाइसकेपछि तपाईंहरूले विद्रोह गरेर पहिलो संशोधन गरी यो मुलुकमा संघीयता चाहियो भन्नुभयो, संघीयतासहितको व्यवस्था गरेर चुनाव भयो, नयाँ संविधान जारी गर्नुअघि र पछि पनि सत्तारोहण गरी तपाईंहरूले सबै चक्र पूरा गर्नुभयो । त्यति बेला किन त्रुटि औंल्याउनुभएन ? अहिले चुनाव हारिसकेपछि राजेन्द्र महतो छटपटाएका हुन् भन्ने टिप्पणी छ, के भन्नुहुन्छ ?**

– ७२ सालमा संविधान सभाबाट बनेको संविधान आशाको नाममा, दुई तिहाइको नाममा जनतामाथि लादिएको हो । जुन जनताको लागि संविधान निर्माण हुन्छ - त्यही जनतामाथि गोली ठोकेर जारी गरेको हैन र ? दुनियाँमा ७० वर्षमा सातवटा संविधान बनाउने त नेपाल मात्रै हो ।

त्यत्रो संविधान त बनाउने, तर देश र जनताले पहिचान तथा अधिकार नपाउने कस्तो संविधान बनाएको त ? संविधान जहिले पनि शासकले आफ्नो लागि बनाउँछ ।

पहिलो - यो राष्ट्रको निर्माण जुन जगमा भएको हो, त्यसअनुसार देशमा शासन चल्यो कि चलेन, यो मुख्य सवाल हामीले बुझ्नुपर्छ । पृथ्वीनारायण शाहले २७० वर्षअघि नेपाल बनाए, नेपाल एकीकरण गरे । नेपाल एकीकरण गर्ने प्रक्रियामा विवाद होला, केही पुगेन होला, कहीँ त्रुटि भयो होला, तर नेपाल त बन्यो नि ! हामीले नेपाली स्वाभिमान र पहिचान पायौं । यो सबै पहिचान मिलेपछि मात्रै नेपाल बनेको हो । नेपाल बन्नुभन्दा पहिला नै यहाँ पहिचान थियो । सबै भाषाभाषी, जातजाति र राष्ट्रियता मिलेर नेपाल बनेको हो । एकल पहिचानबाट नेपाल बनेको हैन । त्यसैले पृथ्वीनारायण शाहले भनेका थिए - 'यो देश चार जात छत्तीस वर्णको साझा फूलबारी हो ।' तर दुर्भाग्य - यहाँका शासकहरूलाई कुनै पनि चेतना भएन । न बहुल राष्ट्रिय राजनीतिको मूल्यमान्यता अनुसार देशको संविधान बनाए, न त देशको शासन सञ्चालन गरे । १०४ वर्ष राणाले एकल शासन गरे । त्यो शासन सबै राणाले पनि गरेन । ए ग्रेडले एकल जहानियाँ शासन गरे । यो त राजेन्द्र महतोले भनेको हैन, इतिहासले बोलेको कुरा हो ।

**० आधुनिक नेपालको निर्माणसँगै २०४६ सालको राजनीतिक परिवर्तन पछिको तपाईंहरूको राजनीतिक पुस्ताले चाहिँ के गर्‍यो त ?**

– ४६ सालको बहुदलीय व्यवस्थामा पनि एकल शासन भएको छ । एकलमा पनि बाहुनवाद प्रवृत्तिको ! त्यो प्रवृत्तिको कुरा गरेको हो । यो कुनै जाति, समुदाय या व्यक्तिको कुरा गरेको हैन । विचारको कुरा गरेको हो मैले । यो देशमा एकल विचारबाटै संविधान निर्माण भयो । २०४७ सालपछि पनि त्यही प्रवृत्ति अपनाइयो । २०७२ सालको संविधान बनाउँदा पनि त्यही प्रवृत्ति अपनाइयो । यो देशमा आदिवासी जनजाति लड्दै गरे, सङ्घर्ष गर्दै गरे, मधेशीले सङ्घर्ष गर्दै गरे । तर, एकल चिन्तन सोचबाट ओली प्रवृत्तिले संविधान बनाए ।

कांग्रेस एमाले माओवादीका नेतृत्व एकल चिन्तनबाट प्रभावित भएर ७२ को संविधान बनाए । जुन देशमा राजनीतिक सम्झौता हुँदैन, त्यो देशको गतिविधि यस्तै हुन्छ । राजनीतिक सम्झौता भनेको आफ्ना देशका जनताको सही पहिचान र राष्ट्रियतालाई मिलाएर देशको संविधान बनाउने हो । विश्वमा प्रकृतिले त हामीलाई अघि जान वरदान दिएको थियो, तर अहिले कङ्गाल भएर, देश छोडेर युवा पलायन हुनुपर्ने अवस्था आएको छ ।

**० लडेर अन्तरिम संविधान संशोधन गराएका तपाईंहरूले जनमतबाट अनुमोदित भएर आएको संविधानमाथि प्रश्न गरिरहनुभएको छ, संविधानले त समावेशी चरित्रको राज्यसत्ता परिकल्पना गरेकै छ, त्यसलाई तपाईंहरू आफैंले दुरुपयोग गरेको आरोप छ, समग्र राष्ट्रिय राजनीतिक चरित्र बोकेका राजनीतिक पार्टीले कसरी संविधानलाई बोके भनेर समीक्षा गर्नुपर्दैन ?**

– नेपालको अन्तरिम संविधान नै लगभग राजनीतिक सम्झौता भएको संविधान थियो । सबै संविधानको मर्म र भावना लगभग समेटेर बनाइएको संविधान थियो । तर, नेपालको अन्तरिम संविधानको जुन गाइडलाइन थियो - यो संविधान सभाबाट बन्ने संविधानको लागि थियो । तर, संविधान सभाबाट कांग्रेस, एमाले र माओवादीले संविधान बनाए । ९० प्रतिशत जनमत यी तीन पार्टीले पाएका थिए । संविधान सबैको साझा दस्तावेज हुने भनेका थिए । सोहीअनुसार संविधान बन्छ भनी ती दलले जनतासँग भोट पनि मागेका थिए । 'संविधान त हामी बनाउँछौं, साना पार्टीले के संविधान बनाउँछन् ?' भनी जनतालाई विश्वास दिलाएका थिए । तर, नेपालका पछिल्ला तीनवटा संविधान चार नेताले बनाए ।

त्यसमा पनि मुख्यतः एमाले, कांग्रेस र माओवादीका तीन टाउकेले जे निर्णय गरे - त्यही अनुसार संविधान सभामा मतदान भएको हो । त्यसलाई ढाकछोप गरेर काम छैन । संविधान बनाउने बेला अन्तरिम संविधानलाई सोझै इन्कार गरियो ।

**० अनि तपाईंहरू त्यही संविधानमा टेकेर चुनाव, त्यही संविधानमा टेकेर सत्ता र त्यही संविधानमा टेकेर राजनीति भोग गर्नुभयो, संविधानलाई लिएर तपाईंहरूको भूमिका दोहोरो भएन ?**

– यो संविधान जारी हुने बित्तिकै कांग्रेस, एमाले र माओवादीका नेताले संसद्मा गएर 'जनताको माग अनुसार संशोधन हुन्छ' भनी वचन दिए । तर, हालसम्मको नौ वर्ष त्यसै बित्यो । त्यो संशोधन होला, अघि बढ्ला भनी साथ दियौं । सरकारमा पनि गएकै हौं । संविधान जनताको मागअनुसार परिवर्तन हुने दस्तावेज हो । यसलाई गीता या महाभारत बनायो भने टिक्दै टिक्दैन । अब त देशका जनता निराश भएका छन् । देशमा काण्ड नै काण्ड भएको छ । यो काण्डमा त तीनै तीन पार्टीका नेता छन् । काण्ड नै काण्ड मच्चाउने, जनतालाई विकास नदिने, समृद्धि नदिने, अधिकार, पहिचान केही नदिने र एकल चिन्तन सोचबाट देशलाई भड्खालोमा लैजाँदा 'यो भएन, सबै नेपालीको लागि बनाउनुपर्छ' भनेर मैले भनेको हुँ ।

**० अहिलेको संसद्भित्र दुईतिहाई नजिकका दुई ठूला राजनीतिक पार्टीले संविधान संशोधन गर्छौं भनेका छन् नि । अब त्यतातिर गएर आफू अनुकूलको संविधान संशोधनका लागि परामर्श गर्ने, सुझाव दिने, सङ्घर्ष गर्ने, दबाब दिने गर्न सकिँदैन ?**

– यो तीनवटा पार्टीले त संविधान बनाएको नौ वर्ष भइसक्यो नि ! संशोधन गर्छु भनेको पनि नौ वर्ष भइसक्यो। यिनीहरूलाई भ्रष्टाचार गर्न फुर्सद छैन, जनतालाई धोका दिन फुर्सद छैन, दुई हातले देश लुट्ने फुर्सद छैन । शासन भनेको कुर्सीको लागि मात्रै हो, देश र जनताको लागि हैन भन्ने हिसाबले गरेको हो । जनताले जहिल्यै विश्वास गरेका थिए । यिनले जहिल्यै पनि विश्वासघात गरेर यो ठाउँमा पुर्‍याए । त्यसैले अब यसरी कुरा गरेर हुँदैन । हामीले देशको परिवर्तन गर्न तीन एजेन्डा अघि सारेका हौं । एउटा - यो देश सबै नेपालीका लागि बनाउनुपर्छ । यसको लागि बहुल राष्ट्रिय राजनीतिको रूपमा यहाँको सुशासन र संविधान सोहीअनुसार बनाउनुपर्छ । संविधान संशोधन र परिमार्जन गर्नुपर्छ । अर्को - यहाँको सभ्यता र संस्कृति जोगाउनुपर्छ । हाम्रो सनातन वैदिक सभ्यता सबैभन्दा पुरानो सभ्यता हो । अब पुँजीवाद या साम्यवाद पुरानो भइसक्यो । अर्को - यो देशमा राष्ट्रवाद छैन । यहाँ त कसैलाई साम्राज्यवादी, कसैलाई विस्तारवादी भनेर महान् राष्ट्रवादी भइन्छ । राष्ट्रवाद भनेको आफ्नो जनता र देशलाई माया गर्ने हो ।

**० अब पृथ्वीनारायण शाह र राजा महेन्द्रहरूलाई केन्द्र भागमा राखेर अघि बढ्नुपर्‍यो ?**

– राष्ट्रवाद पैदा गर्ने राजा महेन्द्र हो । पृथ्वीनारायण शाहले नेपाल निर्माण गर्दा 'यो एउटा जातको नेपाल हैन, सबैको हो' भनेको थिए । त्यस्तै साझा फूलबारी बनाउनुपर्छ अब । सभ्यता र संस्कृति जोगाउनुपर्छ ।

यो देश दुनियाँकै विपन्न देश भइसक्यो । नेपाली जनता कङ्गाल राष्ट्रको नागरिक भएर बाँच्नुपर्ने भनेर जन्मेको हैन । प्रकृतिले दिएको वरदानको सही प्रयोग भएको भए दुनियाँको सम्पन्न राष्ट्र हुन्थ्यो । पानी र पर्यटनलाई मात्रै राम्रोसँग सदुपयोग गरे पनि हाम्रा युवा पलायन हुनु पर्दैनथ्यो ।

**० तपाईंले अहिले अभियान चलाइरहनुभएको छ, अन्त्यमा विद्रोह गर्छौं भन्दै गर्दा त्यस्तो विद्रोहको स्वरूप कस्तो हुनेछ ?**

– विचारको विद्रोह हो । शान्तिपूर्ण सङ्घर्ष र विद्रोह हो । वैचारिक परिवर्तनका लागि विद्रोह हो । हामीले अनुहारको परिवर्तन खोजेका होइनौं । *-खबरहबबाट*

# ‘प्रधानमन्त्री ओलीको चीन भ्रमण तीर्थयात्रा मात्रै’

काठमाडौं । आम जनता पार्टी ( आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमण देशको लागि हो कि तीर्थयात्रा मात्रै हो ? भन्दै प्रश्न गरेका छन् ।

आजपा केन्द्रीय कार्यालय कोटेश्वरमा भएको पार्टीको स्थायी कमिटी बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले प्रधानमन्त्री ओलीको चीन भ्रमणबारे सिंगो देश र जनतालाई जानकारी गराउनुपर्नेमा त्यसो नगरिएको भन्दै प्रश्न उठाएका हुन् ।

आजपा अध्यक्ष साहले वर्तमान सरकारका कारण अहिले विश्वसामू नै नेपालको इमेज खस्किँदै गएको टिप्पणी गरे । अहिले नेपालको विभिन्न देशसँगको कुटनीतिक सम्बन्ध कमजोर हुँदैछ र ध्वस्त हुदै गईरहेको उनले बताए । ओली सरकारको व्यक्तिगत र निहीत स्वार्थ एवं सोचका कारण यस्तो अवस्था आएको उनले बताए ।

‘आज विश्वसामू नेपालको इमेज खस्किँदै गईरहेको छ । यो सरकारको व्यक्तिवादी र निहीत स्वार्थ अनि सोचको कारण यस्तो अवस्था भएको हो । छिमेकीहरुसँगको हाम्रो सम्बन्ध पनि धराशयी हुँदैछ’, आजपा अध्यक्ष साहले भने, ‘हामी सुन्दैछौं प्रधानमन्त्री चीन जाँदै हुनुहुन्छ । यो भ्रमणको लागि भ्रमण हो कि तीर्थयात्रा हो ? देशको लागि भ्रमण हो कि व्यक्तिगत भ्रमण हो ? चीन भ्रमणबारे जनतालाई थाहा दिनुपर्ने हो, तर आज हामी अन्यौलमा छौं । प्रधानमन्त्रीको भ्रमण एउटा व्यक्तिगत भ्रमण हुने, निहित स्वार्थमा हुने कि देश र जनताको लागि भ्रमण हुने ? यो गम्भीर प्रश्न खडा छ ।’

पूर्वमन्त्री साहले मुलुकमा यतिवेला लोकतन्त्रविरोधी गतिविधि बढेकोमा चिन्ता व्यक्त गरे । देशको बागडोर सम्हालेको सरकार प्रमुखको गतिविधिकै कारण यस्तो अन्यौलपूर्ण अवस्था सिर्जना भएको उनको भनाई रहेको छ ।

‘देशमा यतिवेला लोकतन्त्रविरोधी गतिविधि दिनानुदिन बढ्दो छ । शान्ति, सुरक्षाको जिम्मा पाएको सरकारबाट नै जनता असुरक्षित छन् । अभिव्यक्ति स्वतन्त्रताको अधिकार यतिवेला मजाक बनेको छ’, साहले भने, ‘अहिले त सरकारले जे पनि गर्ने तर जनताले विरोध पनि गर्न नपाउने अवस्था बनाईएको छ । सडकमा नागरिकले शान्तिपूर्ण आन्दोलन गर्दा अपराधी हुने, तर प्रधानमन्त्रीले सडकमै मञ्च बनाएर सभा गर्दा महान हुने ?’

सरकारको नेतृत्वमा बसेका दलहरु नेपाली कांग्रेस र नेकपा (एमाले) कानूनभन्दा माथि बन्न खोजेको आरोप उनले लगाए । कानूनको कार्यान्वयन गर्ने ठाउँमा पुगेका प्रधानमन्त्री ओली अध्यक्ष रहेको पार्टी एमालेले कानून अनुसार काठमाडौं महानगरले जरिवाना गर्दा नतिर्ने उदघोष गर्नुले कानून कसरी कार्यान्वयन हुने भन्दै उनले प्रश्न उठाएका छन् ।

‘अहिले कानूनले एमाले र कांग्रेसलाई छुँदैन् । अस्ति एमालेले त्यत्रो सडकमा फोहोर गर्यो, उसले त्यो सफा गर्ने दायित्वपनि ठानेन । काठमाडौं महानगरपालिकाले कानूनअनुसार जरिवाना तोक्दापनि स्विकार्य भएन । किनकी एमाले र कांग्रेस अहिले कानूनभन्दा माथि छन् भन्ने सन्देश प्रवाह भैरहेको छ’, आजपा अध्यक्ष साहले भने, ‘प्रधानमन्त्री केपी शर्मा ओलीको, कांग्रेस र एमालेको त आलोचना नै गर्नुहुँदैन्, यदि आलोचना गर्यो भने मुद्दा लागिहाल्छ । साईबर क्राइम थेग्नुपर्छ । प्रधानमन्त्री ओलीको आलोचना गर्दा र प्रश्न उठाउँदा त्यसको छानबिन हुनुपर्ने हो, तर आज कानूनी शासनको उपहास हुँदैछ ।’

वर्तमान कांग्रेस-एमाले गठनबन्धको सरकारको जग नै अलोकतान्त्रिक भएको उनले टिप्पणी गरे । विगतको आम निर्वाचनमा एकअर्काको प्रतिस्पर्धी रहेका र आफ्नो सरकार बनाउने भनेर जनतासंग मत मागेका दल कांग्रेस र एमालेले जनादेश विपरित गैरलोकतान्त्रिक गठबन्धन बनाएर सरकार गठन गरेको उनले बताए ।

‘यो सरकार गैरलोकतान्त्रिक धरातलमा बनेको छ । यो सबै जनतालाई पनि थाहा छ । होईन भने म प्रधानमन्त्रीजीलाई प्रश्न गर्न चाहन्छु-गत चुनावमा तपाईंले कांग्रेससँग प्रतिष्पर्धा गर्नुभएको थियो । कांग्रेससँग चुनाव लड्नुभएको थियो, तर आज कांग्रेससँग सरकार बनाउनुभयो । कुन नैतिकताले बनाउनुभयो ? तपाईं नैतिकवान भएको भए कांग्रेससँग सरकार बन्दैन थियो । कुनैपनि लोकतान्त्रिक देशमा जनादेशविपरित जाने अधिकार हुँदैन्, तर तपाईंले जे पनि गर्न थालिरहनुभएको छ, त्यो अलोकतान्त्रिक छ’ साहले भने ।

वर्तमान सरकारका कारण अहिलेको अर्थतन्त्र बर्बाद भएको बताउँदै उनले सरकारले जनतासंग मनोमानी कर असुल्ने र राज्यको ढुकुटी लुट्ने काम गरेको गम्भिर आरोप लगाए । तीनै तहको सरकार पिच्छेको कर आतंकले उधोग, व्यापार धरासायी बन्दै गएको बताउदै उनले सरकारी उधोग किन घाटामा गईरहेको भन्दै प्रश्न गरेका छन् ।

‘अहिले देशको अर्थतन्त्र बर्बाद गर्नुभयो । मनपरी कर असल्नुभएको छ । सरकारपिच्छे करको आतंक छ । तर, सरकारले आफ्नो दायित्व केही पनि बुझेको छैन् । सरकार मातहतका उद्योग बन्द छन् । व्यक्तिगत उद्योग चाहीं किन नाफामा छन् । सरकारी उद्योग र संस्थानहरु सबै घाटामा छन् । सरकारी अस्पताल, विद्यालय, विश्वविद्यालय सबै अस्तव्यस्त छन् । अब जनतलाई ऋण बोकाउने काम सह्य हुँदैन’, उनले भने, ‘अहिले जनतालाई सरकारले आँफै कुट्ने र रुन नदिने अवस्था सिर्जना गरेको छ । यो चिन्ताको विषय हो । आज राष्ट्र नै खतरामा छ । राष्ट्रिय पुंजी विदेश पलायन गरिएको छ । अहिले तमाम बेथिति र बर्बादीको अवस्था सिर्जना गरिएको छ, देशमा लोकतन्त्रको रक्षाको लागि तेस्रो जनआन्दोलनको अवस्था छ । यो बैठकले त्यस दिशामा ऐतिहासिक निर्णय लिने अपेक्षा लिएको छु ।’

सरकार पिच्छे सरकारको मनोमानी कर आतंक रोकन, वैदेशिक रोजगार पीडित तथा बैंकिङ लुट एवं लघुबित, सहकारी पीडितलाई न्याय दिलाउन र सरकारी निकायमा भईरहको खुलेआम लुट एंव भ्रष्टाचार विरुद्ध सशक्त आन्दोलन उठान सहित दलाल दलतन्त्र विरुद्ध तेस्रो जनआन्दोलनको तयारीका विषयमा बैठकमा छलफल हुने आजपा स्थायी कमिटी सदस्य एवं प्रमुख सचिव रविन्द्र सिंहले जनाएका छन् ।

यसैगरी बैठकले सदस्यता वितरण र संगठन विस्तार पार्टीको आंतरिक क्षमता अभिवृद्धि कर आतंक विरुद्ध काठमाडौमा संघर्ष, शिक्षक दरबन्दीको लागी मधेसमा संघर्ष, वैदेशिक रोजगारका ठग विरुद्ध आईटी आर्मीको संघर्ष, बैंकिङ लुट विरुद्ध अन्य प्रदेशमा संघर्षका कार्यक्रमका बारेमा समेत बैठकले निर्णय गर्ने आजपाले जनाएको छ ।

## श्रममन्त्री भण्डारी र इजरायली राजदूतबीच भेटवार्ता

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत्सिंह भण्डारीसँग नेपालका लागि इजरायली राजदूत शुमलिक एरी बासले शिष्टाचार भेटवार्ता गरेका छन् । बुधबार मन्त्रालयमा भएको उक्त भेटवार्तामा नेपाल र इजरायलबीच भएको द्विपक्षीय श्रम सम्झौताको कार्यान्वयन, ‘केयरगिभर’का रुपमा छनोट भएका नेपाली कामदारहरूलाई यथाशीघ्र इजरायल पठाउने र कामदारको स्रोत मुलुकका रुपमा नेपाललाई इजरायलले सूचीकृत गर्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

मन्त्री भण्डारी र राजदूत बासबीच  कृषि, निर्माणलगायत अन्य क्षेत्रमा नेपाली कामदार पठाउनका लागि पहल गर्ने, कृषि प्रविधि हस्तान्तरण गर्ने, सीप विकास, भाषा तालिम, स्वास्थ्य परीक्षण, श्रमिकको हक अधिकार संरक्षण र सुरक्षालगायत विषयमा दुवै देशबीच थप कूटनीतिक पहल गर्ने विषयमा छलफल भएको हो ।

राजदूत बासले नेपाली कामदार केयरगिभिङका क्षेत्रमा उत्कृष्ट रहँदै आएको र हाल इजरायलमा युद्ध विरामसमेत घोषणा भइसकेको हुँदा उत्तीर्ण भएका सबै नेपाली कामदारहरूलाई क्रमशः लैजाने जानकारी गराए । उनले नेपाली कामदारहरूलाई कृषि, निर्माणलगायत अन्य क्षेत्रमा समेत लैजान सकिने बताए । मन्त्री भण्डारीले इजरायल जान छनोट भई पर्खाइमा रहेका नेपाली कामदारलाई यथाशीघ्र पठाउन परराष्ट्र मन्त्रालयसँग समन्वय र पहल गर्ने बताए ।

## देशैभरी आन्दोलन चर्काउन आजपाले स्थायी कमिटी बैठक डाक्यो

काठमाडौं । जाम जनता पार्टी (आजपा)को स्थायी कमिटी बैठक भोली (सोमबार) बस्दैछ। काठमाडौंको कोटेश्वर स्थित पार्टी केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष प्रभु साहको अध्यक्षतामा बस्ने बैठकले आगामी आन्दोलनका बारेमा विभिन्न निर्णय गर्ने बताइएको छ।

सरकार पिच्छे सरकारको मनोमानी कर आतंक रोकन, वैदेशिक रोजगार पीडित तथा बैंकिङ लुट एवं लघुबित, सहकारी पीडितलाई न्याय दिलाउन र सरकारी निकायमा भईरहको खुलेआम लुट एंव भ्रष्टाचार विरुद्ध सशक्त आन्दोलन उठान सहित दलाल दलतन्त्र विरुद्ध तेस्रो जनआन्दोलनको तयारीका विषयमा बैठकमा छलफल हुने आजपा स्थायी कमिटी सदस्य एवं प्रमुख सचिव रविन्द्र सिंहले जनाएका छन् ।

आजपाले हालै ञभष्टाचार विरुद्ध मधेस यात्राझ कार्यकम सम्पन्न गरेको छ। लुट भ्रष्टाचार एवं अनियमितताको बारेमा भएको मधेस यात्रा कार्यक्रमको बैठकमा समिक्षा समेत हुने बताइएको छ। उक्त अभियान पूर्ण रुपमा सफल भएको बताउदै आजपा अध्यक्ष  साहले भ्रष्टाचार विरुद्ध  जनजागरण अभियान अन्य प्रदेशमा समेत छिटै आयोजना गर्ने उदघोष गरेका छन् ।

सरकारले मनोमानी कर वृद्धि गर्ने, महंगी नियन्त्र गर्न नसक्ने, विकासका आयोजनाहरु ठप्प भएको अवस्थामा आजपाले काठमाडौंमा विरोध प्रदर्शन समेत गरेको थियो। बैठकमा सो विषयमा समेत समिक्षा गर्दै आगामी आन्दोलनका विभिन्न  कार्यक्रम तय गरिने आजपाले जनाएको छ।

यसैगरी बैठकले सदस्यता वितरण र संगठन विस्तार पार्टीको आंतरिक क्षमता अभिवृद्धि कर आतंक विरुद्ध काठमाडौमा संघर्ष, शिक्षक दरबन्दीको लागी मधेसमा संघर्ष, वैदेशिक रोजगारका ठग विरुद्ध आईटी आर्मीको संघर्ष, बैंकिङ लुट विरुद्ध अन्य प्रदेशमा संघर्षका कार्यक्रमका बारेमा समेत बैठकले निर्णय गर्ने आजपा मुख्य सचिव सिंहले जनाएका छन् ।

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
